एउटै पढे पुग्छ

स मा धा न
समाधान मिडिया प्रा.लि.

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक




कागबेनी बाढी पीडित भन्छन्

## ज्यान रह्यो, अरु गुम्यो

सुन्दरकुमार थकाली
जोमसोम, १ भदौ

बर्सेनि दसैंको सोह्र श्राद्ध र चैते दसैंको औंसी तिथिमा पितृ उद्धारका लागि मोक्ष प्राप्त गर्ने विश्वासका साथ धेरै तीर्थालु पुग्ने ठाउँ हो मुस्ताङको बारागुङ मुक्तिक्षेत्र ४ कागबेनी । यहाँ आएर श्राद्ध गर्ने, दिवंगत पितृको नाममा पिण्डदान र तर्पण दिने गरिन्छ ।

कागबेनीमा श्राद्ध गर्न आउने भक्तजन श्राद्ध सकेर मुक्तिनाथ दर्शन गर्न उकालो लाग्छन् । धार्मिक पर्यटनका दृष्ट्रिकोणले निकै लोकप्रिय कागबेनी धार्मिक श्राद्ध स्थल अब भने साबिकै ठाउँमा पुनर्स्थापना हुन निकै कठिन छ । अविरल वर्षाका कारण मुस्ताङको मुक्तिनाथको शीर हुँदै झर्ने कागखोला थुनिएर आएको बाढीले कागबेनी श्राद्धस्थलको बजार क्षेत्रलाई बगर बनाइदिएको छ ।

गुल्जार बजार र चहलपहल हुने कागबेनी विनासकारीले बाढीको चपेटामा परेको छ । बाढीले श्राद्ध स्थल वरिपरीको थुपारेको ग्रेगानका कारण पुरानै अवस्थामा त्यसलाई लैजानसमेत कठिन हुने देखिएको छ ।

बाढीले कागखोला बजार क्षेत्रमात्र ध्वस्त गरेको छैन, यहाँका करोडौंका भौतिक संरचनासमेत नष्ट गरिदिएको छ । कागबेनीमा ३ वर्षदेखि किराना पसल गर्दै आएका सागर रिजाल भन्छन् 'ज्यान बच्यो तर भएको सबै गुम्यो । अब गरिखाने बाटो सबै खोसियो ।'

यहाँका होटल व्यवसायी रिङझिङ साङ्वोले बाढी आएको सूचना पाए पनि यस पटक बाढी विगतका भन्दा निकै खतराजनक भएको उल्लेख गरे । बाढीले उनको होटल र घरमा भएको सामग्री नष्ट गरिदिएको छ । 'बस्ने र व्यवसाय गर्ने घर थियो, सबै बाढीले सखाप पार्‍यो, आफन्तकोमा आश्रय लिएर बसिएको छ,' उनले भने, 'जसको बाबु मर्‍यो, उसैको छोरा टुहुरो भन्थे । हाम्रो सबै सम्पत्ति कालिगण्डकी नदीमा मिसियो ।'

कागबेनीका २९ घर, होटल, रेस्टुरेन्ट कागखोला बाढीले बगाईदिएको छ । बाढीले तटीय क्षेत्रका अन्य दर्जन बढी घर र होटलसमेत क्षति गरेको छ । बाँकी घरहरुभित्र पनि बलौटे माटो भरिएको छ । साउन २८ गते साँझको बाढीले १८ सवारी साधन क्षति भए भने ३२ चौपाया बगे । बाढीले धार्मिक श्राद्ध

> ज्यान बच्यो तर भएको सबै गुम्यो । अब गरिखाने बाटो सबै खोसियो ।
>
> सागर रिजाल
> किराना व्यवसायी

स्थलका सबैजसो भौतिक भौतिक संरचनामा क्षति पुगेको श्राद्ध स्थलका पुजारी प्रताप आचार्यले बताए । उनले कागबेनी बजार र श्राद्ध स्थललाई पूर्ववत् अवस्थामा ल्याउन असम्भव रहेको सुनाए । श्राद्ध गर्न तीर्थालु आउने केही महिनाअघि भौतिक संरचना नष्ट भएपछि श्राद्ध गर्न आउनेलाई आवास र भोजनका लागि समस्या पर्ने देखिएको छ ।

कागबेनीमा बाढीले वडा कार्यालय भवन, इलाका प्रहरी चौकी, सामुदायिक भवन, क्लब र आमा समूहको भवनमा क्षति गरेको छ । गाउँपालिकाको एकमात्र माध्यमिक तह पढाइ हुने जनशान्ति माविमा समेत आशिंक क्षति भएको छ । बाढीले निर्माणाधीन पक्की पुलसहित ३ अस्थायी पुल र झोलुङ्गे पुलमा क्षति भएको छ । कोरलानाका जाने मुख्य राजमार्ग सडकदेखि कागबेनी श्राद्ध स्थलसम्मको कच्ची सडकको करिब १ हजार ५ सय मिटर ट्याकसमेत ध्वस्त पारिदिएको छ ।

बाढी ५ दिन बितिसक्दासमेत यहाँ खानेपानी, विद्युत र इन्टरनेट सेवा अवरुद्ध छ । सरोकारवाला निकायले सेवा सञ्चालनका लागि निरन्तर पहल भइरहेको जनाएका छन् । बाढीले क्षति गरेको र अझै जोखिम नहटेकाले जनशान्ति मावि ८ दिनका लागि बन्द गरिएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष सोनाम फुर्वा गुरुङले जानकारी दिए ।

### उद्धारमा स्थानीयको साथ

जिल्लाका ५ वटै स्थानीय तहबाट राहत संकलन तथा श्रमदान गरी विपद्मा परेकालाई सहयोग गरिएको छ । गाउँ गाउँबाट अहिले आर्थिक सहयोग संकलन गर्न थालिएको छ भने राहत सामग्री पुर्‍याउने कार्यसमेत जारी छ । यसका लागि बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले स्थानीय विपद् उद्दार राहत कोष खडा गरी सार्वजनिक रुपमा ३ वटै तहका सरकार र स्वदेश तथा विदेशमा बस्ने नेपालीसँग सहयोगको लागि अपिलसमेत गरेको छ ।

कागबेनी बाढी प्रभावित क्षेत्रमा उद्दार र व्यवस्थित गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत ३ वटै सुरक्षा निकायको टोली निरन्तर खटिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक मिलनबहादुर विकले जानकारी दिए । उनले सुरक्षा निकाय र गाउँ गाउँबाट आएका स्थानीय गाउँलेको सहकार्यमा घरभित्रको माटो पन्छाउने र नदी नियन्त्रणको काम भइरहेको जनाए ।

# चरकमा पोखरामै पहिलोपटक ओपन हार्ट सर्जरी

समाधान संवाददाता
पोखरा, १ भदौ




वरिष्ठ मुटुरोग विशेषज्ञ उप-प्रध्यापक डा. अनील भट्टराईको नेतृत्वमा गण्डकी प्रदेशको पोखरामा पहिलोपटक ओपन हार्ट सर्जरी सफल भएको छ । पोखरा नागढुंगाको चरक मेमोरियल अस्पतालमा गत शुक्रबार पोखरा महानगरपालिका वडा नम्बर २०, भलामका ४५ वर्षीय विष्णु गौतमको मुटुको ओपन हार्ट सर्जरी गरिएको अस्पतालले जनाएको छ । यो गण्डकी प्रदेशमै पहिलोपटक गरिएको सर्जरी हो । यसअघिसम्म सर्जरीका लागि काठमाडौं, चितवनमा जानुपर्ने बाध्यता थियो ।

२६ साउनमा सर्जरी गरिएका बिरामी गौतम आइतबार डिस्चार्जसमेत हुँदैछन् । डाक्टरहरुका अनुसार गौतमको मुटुको दुई ठूला नसा ब्लक भएको थियो । हात र घाँटीको नसा मुटुमा हालेर सर्जरी गरिएको डा. भट्टराईले जानकारी दिए । पोखरामै ओपन हार्ट सर्जरी सेवा सुरु हुँदा सर्जरी गर्न काठमाडौं जानुपर्ने बाध्यता हटेको डा भट्टराईले बताए ।

'अन्य धेरै कुरामा पोखरा अगाडि भए पनि मेडिकल साइन्समा हामी पछाडि नै छौं । अर्थात चिकित्सातर्फ एकदमै कम विकास भएको छ । मुटुको ओपन हार्ट सर्जरी काठमाडौं, चितवनमा सुरु हुँदा पोखरामा हुन सकेको थिएन । अब पोखरामा पनि सुरु भएको छ । यसलाई निरन्तरता दिनुपर्छ,' उनले भने ।

पहिलो सर्जरी भएकाले निशुल्क गरिएको अस्पतालका महानिर्देशक कपिल पोखरेलले जानकारी दिए । ओपन हार्ट सर्जरीका लागि अवस्था गरी खर्च लाग्ने चिकित्सकहरु बताउँछन् । सर्जरीका लागि सामान्यतया ५/६ लाख लाग्छ । यो अस्पतालमा पहिलो सर्जरी भएकाले यसको सबै खर्च अस्पतालले बेहोरेको जानकारी पोखरेलले दिए ।

> वरिष्ठ मुटुरोग विशेषज्ञ अनील भट्टराईको नेतृत्वमा पोखरा २० का विष्णु गौतमको सफल ओपन हार्ट सर्जरी

डा भट्टराईले यो सेवालाई तदारुकताका साथ अगाडि बढाउनुपर्ने सुनाए । 'पोखरा हामीले ओपन हार्ट सर्जरीको सुरुआत गरेका छौं । हामीले यसको जग बसालेका छौं । तदारुकताका साथ यसलाई अगाडि बढाउनुपर्छ,' उनले भने, 'पोखराका लागि यो कोसेढुंगा भएको छ । नेपालका मुख्य सहरहरुमा लैजाऊँ भन्ने हिसाबले पोखरामा सुरु गरिएको हो ।'

सर्जरी सेवाको सेटअपका लागि अस्पतालले ३ करोड खर्च गरेको अस्पतालका एमडी कपिल पोखरेलले जानकारी दिए । 'पहिलोपटक सर्जरीका लागि धेरै सामानहरु ल्याउनुपर्‍यो । हामीले ३ करोड खर्च गरेर सेटअप गरेका छौं,' उनले भने, 'सामानहरु बाहिरबाट ल्याउनुपर्दा महँगो हुन पुग्यो ।'

ओपन हार्ट सर्जरीका लागि १ महिनाअघि सरकारबाट स्वीकृत लिएको पोखरेलले बताए । अस्पताल हार्ट ओपन सर्जरीका लागि तयार रहेको एमडि पोखरेलले सुनाए । उनले भने, 'हामी सर्जरीका लागि तयार भएका छौं । अब आउने सर्जरीलाई सहज तरिकाले गर्छौं भन्नेमा हामी विश्वस्त छौं ।'

डाक्टर भट्टराईको नेतृत्वमा अप्रेसन गरिँदा उनको टोलीमा डाक्टरहरु कृष्णप्रसाद बस्याल, अर्जुन गुरुङ र मणीन्द्र बस्नेत सामेल थिए । फेरिफेरि आगामी दिनमा कुनै बिरामीको पोखरामै ओपन हार्ट सर्जरी गर्नुपरे पनि डाक्टर भट्टराईलाई चरक अस्पतालले पोखरा डाक्ने भएको छ । अस्पतालका एमडी पोखरेलका अनुसार ओपन हार्ट सर्जरी भनेको बिरामीलाई तुरुन्ता तुरुन्तै गर्नुपर्ने होइन, योजना बनाएर गर्नुपर्ने भएकाले चिकित्सकहरुलाई पोखरा डाक्न सकिने सुनाए । डाक्टर भट्टराईले भने पोखरामै आवश्यक जनशक्ति पोखरामा विकसित हुँदै जाने विश्वास व्यक्त गरे ।

पोखरामै ओपन हार्ट सर्जरी सफल हुँदा विष्णुको श्रीमती रीता गौतमले खुसी व्यक्त गरिन् । 'उहाँ(श्रीमान्) बिरामी भएपछि गण्डकी अस्पताल, मणिपाल लगे । त्यसपछि यहाँ(चरक) मा १ महिनाअघि ल्याएका हौं । अस्पतालको खर्च सबै अस्पतालले व्यहोरेको हो,' उनले भनिन्, 'काठमाडौं जानुपरेको भए धेरै खर्च लाथ्यो होला । यहाँ निशुल्क पनि भयो । अनि दुख पनि भएन ।'

शरीरको महत्वपूर्ण अंग भएकाले मुटुको अप्रेसनलाई जटिल मानिन्छ । मुटुमा सामान्य समस्या हुँदा अन्य विधिबाट उपचार गरिन्छ । तर, मुटुको गम्भीर समस्या भएकाहरूलाई 'ओपन हार्ट सर्जरी' गर्नुपर्छ ।

नेपालमा पहिलोपटक यो सर्जरी अस्ट्रेलियन समूहले वीर अस्पतालमा १९९८ मा शुरु गरेको हुन् । त्यस समयमा नेपालको पहिलो मुटुको शल्य चिकित्सक कार्डियो सर्जन दामोदर पोख्रेलले गरेका थिए । त्यसपछि टिचिङ अस्पतालमा १९९९ मा भगवान कोइरालाले सुरु गरेका थिए । हालसम्म काठमाडौंका गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर, चितवन मेडिकल कलेज, विराटनगरको नोबेल शिक्षण अस्पताल र धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको ओपन हार्ट सर्जरी गरिएको छ ।

मन्त्री नै भन्छिन्

## १ घर, १ धारा सम्पन्न हुन्न

समाधान संवाददाता
पोखरा, १ भदौ

गण्डकी प्रदेशमा ५ लाख ७७ हजार ६ सय ८२ घरधुरी छन् । ती सबै घर परिवारमा आधारभूत तहको खानेपानी धारा छैन । अझै पनि ६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुग्न बाँकी छ । संघीयता कार्यान्वयनपछि पहिलोपटक बनेको गण्डकी प्रदेश सरकारको पहिलो बैठकको निर्णय नै घरघरमा धारा पुर्‍याउने थियो । सरकारले एक घर एक धारा कार्यक्रम नै बनायो । गण्डकीकै सिको गर्दै संघ सरकारले समेत एक घर एक धाराको कार्यक्रम बनाएको छ ।

गण्डकी सरकारले हालसम्म प्रदेशका करिब ९४ प्रतिशत घरधुरीमा आधारभूत तहको खानेपानी पहुँच पुगेका दाबी गर्दै आएको छ । गण्डकी प्रदेशको राजधानी पोखराको पोखरा महानगरपालिकाका स्थानीय नै कुवाको पानी खान बाध्य छन् ।

प्रदेशमा गएका ६ वर्षमा जति सरकार फेरिए पनि एक घर एक धारा कार्यक्रम हटेन । सबै सरकारले यो कार्यक्रमले राखेको लक्ष्य भेट्ने योजना र बजेटलाई निरन्तरता दिइरहेका छन् । तर, यही लक्ष्य पूरा गर्ने दायित्व राखेको गण्डकी प्रदेश सरकारकी उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री मन्त्री सरस्वती अर्याल तिवारीले भने एक घर एक धारा कार्यक्रम प्रदेशले पूरा गर्न नसक्ने बताएकी छन् । केही दिनअघि पब्लिक टेलिभिजनको अन्तर्वार्ता कार्यक्रम द भ्युमा पत्रकार रघु वाग्लेसँग उनले एक घर एक धारा कार्यक्रम प्रदेशले तत्काल पूरा गर्न नसक्ने अभिव्यक्ति दिएकी हुन् ।



सरस्वती अर्याल तिवारी

> गण्डकी प्रदेश सरकारले ल्याएको एक घर एक धारा अभियान र योजना संघले पनि सिको गरेको थियो

### टेलिभिजन अन्तर्वार्ताको केही अंश

मन्त्री: खानेपानी एक घर एक धारालाई २२ अर्ब रुपैयाँको पैसा लाग्ने रैछ । मैले पाएको छु जम्मा ५ अर्ब रुपैयाँ, ५ अर्ब पनि पूरा गर्न पाएको होइन । प्रत्येक जनताको घरमा पाइप हाल्नका लागि २२ अर्ब लाग्छ । हामीसँग छैन । एउटा बजेट बाँड्दा खेरि एक अर्ब पैसा बाँड्न पाएको छैन, खानेपानी, सिँचाइलाई भन्नु हुन्छ भने । ऊर्जा र सिँचाइलाई ५० र खानेपानीलाई ५० गर्दाखेरि त्यो खानेपानी कति नै हो भन्नुस् न ३८/३९ करोड पैसा एउटा खानेपानीलाई दिने योजना पार्दा कति वर्ष लाग्ला तपाईं आफै कल्पना गर्नुस् न ।

**पत्रकार:** भनेको यो सरकारका पालामा एक घर एक धारा कार्यक्रम सम्पन्न हुँदैन ?

**मन्त्री:** कसरी हुन्छ त ?

**पत्रकार:** यो अपेक्षा नगरे हुन्छ ?

**मन्त्री:** अपेक्षा होइन । केही महत्वपूर्ण डोको बोक्ने ठाउँमा जहाँ डोको बोकेर पानी बोक्छ, खोलामा गएर आधा घन्टामा एक घन्टा पानी ल्याउँछन् नि । ती जनतालाई डोको बोक्ने नबनाउनका लागि थाहा छ भने खबर गरिदिनुस् ।

**पत्रकार:** त्यसो हो भने गण्डकी प्रदेशभित्रको जो नागरिकहरु घन्टौं लगाएर पानीको मुहानमा पुगेर पानी बोकेर ल्याएर एक गाग्री पानीका लागि संघर्ष गरिरहेका छन् । ती नागरिकको थाप्लोबाट डोको विस्थापित हुनका लागि कति समय लाग्ला त मन्त्रीज्यू ?

**मन्त्री:** यही वर्ष नै । अर्को वर्ष होइन, यही वर्ष नै डोकोमा गाग्रीमा पानी बोक्ने कुराको अन्त्य गर्ने अभियानमा छु । सकेसम्म यो वर्ष, यो वर्षमा सकिन भने अर्को वर्ष अन्त्य गर्ने गरी अगाडि बढेको छु ।

**पत्रकार:** गण्डकी प्रदेशका जनताले एक घर एक धारा अपेक्षा गर्ने होइन, डोकोमात्रै विस्थापित गर्ने अपेक्षा गर्नुपर्‍यो ।

**मन्त्री:** हामी त्यो पनि गर्छौं ।

गण्डकी प्रदेशका हालसम्म बनेका हरेक सरकारले एक घर एक धारा कार्यक्रमलाई हरेक आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समेटेका छन् । मन्त्री तिवारी सहभागी सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकारले पनि यस आर्थिक वर्षको बजेटमा एक घर एक धारा कार्यक्रमका लागि २ अर्ब ७० करोड रुपैयाँ विनियोजन गरेको छ । सरकारले उक्त बजेट कार्यान्वनयमा आउँदा थप ३० हजार धारा जडान हुने लक्ष्य राखेको छ ।

पूर्व मुख्यमन्त्री एवम् एमाले गण्डकी संसदीय दलका नेता खगराज अधिकारीले एक घर एक धारा कार्यक्रम गौरवको योजनालाई मन्त्रीले वाहियात भनेको भन्दै आपत्ति जनाए । मंगलबार बसेको प्रदेश सभा बैठकमा बोल्दै पूर्वमुख्यमन्त्री अधिकारीले गौरवको आयोजनामा मन्त्रीहरुकै ध्यान नपुगेको आरोप लगाएका हुन् ।

**अनि पूर्वमुख्यमन्त्री अधिकारीले भने ...**

एक घर एक धारा कार्यक्रम त वाहियात कुरा हो भनेर हाम्रा मन्त्रीहरु भन्नुहुन्छ । होइन यो गौरवको कुरा हो । हामी हरेक घरमा एक घर एक धारा पानी पुर्‍याउँछौं पुर्‍याउँछौं । त्यो पञ्चवर्षीय योजनाको संकल्प हो । बाहिर मिस्टेक भएको भए सच्याउनुपर्‍यो मन्त्रीहरुले । होइन भने सरकारको लक्ष्य होइन यो कि के हो मिडियाले गल्ती बोले । त्यो कुरा खण्डन हुनुपर्‍यो नि भएको छैन, अहिलेसम्म । त्यसकारण त्यसमा अलिकति हाम्रो ध्यान पुगेन ।



क वर्गको
समाधान

समाधान राष्ट्रिय दैनिक गण्डकी प्रदेशको 'क' वर्गको रंगीन पत्रिका हो । यो प्रदेशका अधिकांश जिल्लामा पुग्छ ।

समाधान यो प्रदेशमा सबैभन्दा धेरै प्रति छापिने रंगीन राष्ट्रिय दैनिक पत्रिका हो ।

समाधान दैनिक एउटै पढे पुग्छ ।

विज्ञापन शाखा :
समाधान दैनिक
पोखरा महानगरपालिका-९, नयाँबजार
सम्पर्क : ०६१-५७६६६८, ९८५६०८३५००

## दरमखोलामा माछा मार्न रोक

पोखरा, १ भदौ (समाधान) - बागलुङको दरमखोलाका असला माछा नेपालमै प्रसिद्ध छ । गलकोट नगरपालिकाले दरमखोलामा माछा मार्न प्रतिबन्ध लगाएको छ । शुक्रबार प्रशासकीय अधिकृत गंगाबहादुर भुजेलले सूचना निकालेर यस्तो जनाएका हुन् । असला माछाको संरक्षण र दिगो उपयोग गर्न माछाको फूल पार्ने मौसम अहिले भएकाले माछा मार्न रोकिएको हो । भदौ १ देखि असोज महिनाभर यो खोलामा माछा मार्न पालिकाले प्रतिबन्ध गरेको छ । यो अनुरोधलाई व्यवस्था गरे जलधर संरक्षण कार्यविधि २०८० बमोजिक १ लाखसम्मभ जरीवाना हुने पालिकाले चेतावनी दिएको छ ।


## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सूचना

**मिति २०८०/०५/०२ गते**

तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट व्यवसाय विस्तार गर्नका लागि व्यवसायिक कर्जा शिर्षक अन्तर्गत ऋण लिनु भएको कर्जाको समय समयमा बुझाउनु पर्ने सावाँ, ब्याज,हर्जाना साथै अन्य दै-दस्तुर रकम नबुझाई उक्त कर्जाको साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्न पटक पटक लिखत तथा मौखिक रुपमा तार ताकेता तथा जानकारी गर्दा र मिति २०८०/०२/२२ गते आर्दश समाज दैनिक पत्रिकामा ३५ दिने, दोस्रो पटक मिति २०८०/०३/२९ गते समाधान दैनिक पत्रिकामा १५ दिने र तेस्रो पटक मिति २०८०/०४/१९ गते समाधान दैनिक पत्रिकामा ७ सात दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणको सावाँ, ब्याज, हर्जाना साथै अन्य दै-दस्तुर रकम जम्मा गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले यस संस्थाले निज ऋणीसँग लिनु पर्ने सावाँ, ब्याज तथा हर्जाना शुल्क र अन्य दस्तुर समेत असुल उपर गरी दिनका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा यस संस्थाको विनियम समेतले दिएको अधिकार प्रयोग गरी यस सस्थालाई धितो सुरक्षणबापत लेखिदिएको तपशिल उल्लेखित जग्गा जहाँ जे अवस्थामा छ सोही अबस्थामा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको र उक्त सूचना बमोजिम ३६ औं दिन तपशिलमा उल्लेखित मिति, समय र स्थानमा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्री गरिने भएकोले सो लिलाम बिक्रीमा डाँक बढाबढ गरी लिन ईच्छुक महानुभावहरूको जानकारिको लागि यो **३५ (पैतिस) दिने** सूचना प्रकाशित गरिएको छ । लिलाम हुनु अघि नै यस संस्थालाई तिर्नु, बुझाउनु पर्ने ऋणको सावाँ, ब्याज, हर्जाना साथै अन्य दै-दस्तुर समेत तिरि, तिर्न लगाई चुक्ता गरी धितो फुकुवा गरी लैजान ऋणी तथा जमानकर्ताहरूलाई यो अन्तिम अवसर दिएको छ । धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस सस्थाले लिनु पर्ने सम्पूर्ण साँवा, ब्याज हर्जना, अन्य शुल्क तथा दै-दस्तुर आदि असुल उपर नभएमा ऋणी तथा जमानी कर्ताको नाममा रहेको जाय जेथा तथा घर घरनाबाट समेत असुल उपर गरिलिइने यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**लिलाम खोलिने मिति, समय र स्थानः-**

**मिति** : २०८० आश्विन ०६ गते
**समय** : दिनको ३:०० बजे
**स्थान** : सस्थाको कार्यालय पोखरा-८, सभागृहचोक, कास्की

**ऋणी तथा जमानीहरूको बिवरण**

| ऋणीको बिवरण | फोटो |
|---|---|
| **नाम** : **गंगा गिरी**<br>बाजे ससुरा : भवानी गिरी<br>बाबु पति : कृष्ण गिरी<br>ठेगाना : पोखरा महानगरपालिका वडा नं. ०६ कास्की<br>ना. प्र. नं. : १४४८३६ कास्की |  |
| **जमानीकर्ताको बिवरण** | **फोटो** |
| **१. नाम** : **मन्जु गिरी**<br>बाजे ससुरा : हिमलाल गिरी<br>बाबु पति : बिवेक गिरी<br>ठेगाना : पोखरा महानगरपालिका वडा न १७ कास्की<br>ना. प्र. नं. : ४६१००१/१०६४१ कास्की |  |
| **२. नाम** : **लक्ष्मी कार्की**<br>बाजे ससुरा : बालकृष्ण कार्की<br>बाबु पति : राजकुमार कार्की<br>ठेगाना : पोखरा महानगरपालिका वडा न ०७, कास्की<br>ना. प्र. नं. : १२४४४१ कास्की |  |

**धितो राखिएको सम्पती विवरणः**

| क्र.सं. | जिल्ला | ग.वि.स./न.पा | वडा नं. | सिट नं. | कित्ता नं. | किसिम | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| १ | कास्की | लुकुमस्वांरा | ०१ | ०९३०९९६ | २६८७ | खेत | १-१५-१-३ |
| २ | कास्की | लुकुमस्वांरा | ०८ | ०९३०९१५ | २५१ | खेत | ८-१३-२-० |

**धितो लिलाम सम्बन्धी शर्तहरूः**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पुर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ (छत्तिस) औं दिन अर्थात मिति २०८०/०६/०६ गते दिनको ठिक १:०० बजे देखि ३:०० बजे सम्ममा यस संस्थाको कार्यालय पोखरा ०८ सभागृहचोक कास्कीमा लिलाम डाँक सम्बन्धि कार्य हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. लिलाम डाँक बढाबढमा भाग लिन ईच्छुक व्यक्ति स्वयम सक्कल नागरिकता लिई उपस्थित हुनु पर्नेछ । संगठित संस्थाको हकमा रीत पुर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातहरु सहित उपस्थिति हुनु पर्नेछ ।
३. धितो सम्पत्तीको पन्चंकृते मूल्यलाई आधार मानी लिलामी डाँक बढाबढ हुनेछ । धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढि रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थाले आफुले कबुल गरेको मूल्य अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बपात यस संस्थामा तत्काल जम्मा गर्नुपर्नेछ ।
४. संस्थाले धितो सम्पत्ति लिलाम बिक्री गर्ने निर्णय भै जानाकारी दिए पछि लिलाम सकार्ने व्यक्तिले सोको ७ सात दिन भित्र बाँकी सम्पूर्ण मूल्य रकम संस्थामा दाखिला गरी सक्नु पर्नेछ । अन्यथा निजको धरौटि रकम जफत हुनेछ ।
५. लिलाम सकार गर्नेले सकार गरेको पुरा रकम उक्त तोकिएको समय भित्र बुझाएमा लिलाम सकारेको उक्त जग्गा निजको नाँउमा नामसारिको लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ । सो सम्बन्धी लाग्ने राजस्व तथा अन्य सम्पूर्ण खर्च धितो सकार्नेले व्यहोर्नु पर्नेछ ।
६. लिलामी डाँक बढाबढ कार्य प्रारम्भ हुनुभन्दा १ घण्टा अगाडिसम्म ऋणीले सस्थांमा बुझाउनु पर्ने रकम बुझाएमा लिलाम सम्वन्धी कारबाही रोक्न सकिनेछ ।
७. लिलाम हुने दिन स्वयम ऋणी वा निजको प्रतिनिधी उपस्थित हुनको लागी पत्र पठाईनेछ । पत्र प्राप्त नभएमा यसै सूचनाबाट जानकारी भएको मानिनेछ । यदि ऋणी वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि लिलाम कार्य रोकिने छैन ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले व्यहोर्नुपर्नेछ ।
१०. लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी फिर्ता माग गर्ने वा ब्याजदाबी गर्न पाईने छैन डाँक बढाबढ स्वीकृत गर्ने नगर्ने समपूर्ण सबै अधिकार संस्थामा सुरक्षित रहनेछ ।
११. लिलाम हुने धितो सम्पत्ती सम्बन्धि कागजात र लिलाम सम्बन्धि अन्य जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पारिजात बचत तथा ऋण सहकारी संस्था लि.**
**PARIJAT SAVING & CREDIT CO-OPERATIVE LTD.**
पोखरा-८, न्यूरोड, फोन नं.: ०६१-५८१६८८


**सन्दर्भः फोटोग्राफी डे**

# स्माइल प्लिज



**जिएस नेपाली**

फोटो खिच्दा चीज भन्ने रे वा पच्चिस भन्ने रे । फेरि नेपाल प्रहरीको मुस्कान सहितको सेवा भन्ने अभियान पनि हामीले सुनेकै हो । तर आज म फोटोग्राफीको मुस्कान सहितको सेवा र पेशाको कुरा गर्दै छु ।

फोटोग्राफीले हसाउँछ अनि रुवाउँछ पनि । मान्छेको बिशेष इमोसन क्याप्चर गर्ने हुँदा हसिलो रमाइलो वातावरणमा खिचिएको फोटोले अवश्य हसाउँछ तर ठीक उल्टो भावुक वातावरणमा त्यस्तै इमेज खिचिएको छ भने तिनले रुपाउँछन् पनि । बिहेका फोटोहरु रमाइला, हसिला हुन्छन्, कहिंकतै दुर्घटना वा घटनाका फोटोले रुवाउँछन् । त्यो प्रकृतिको सामान्य नियम नै हो । तर कहिलेकाहीँ हसाउनुपर्ने फोटोले रुवाउँछ, त्यो निकै पीडादायक हुन्छ । रुवाउनु पर्ने फोटोले हसाएको पनि देखिन्छ ।



पहिलेभन्दा अहिलेको फोटोग्राफीमा इमोसन र फिलिड. हराउँदै जान थालेको छ, केवल स्टन्डग्राफी, पपुलारिटी, भाइरल र बिजनेस भ्युमात्र देखिन्छ । सबैको हात हातमा क्यामेरा छ अर्थात् मोबाइल छ । जे देखिन्छ, जस्तो देखिन्छ, खिच्ने सोसियल मिडियामा हाल्ने । त्यो कार्यले कति दुर्गन्ध फैलाउँछ वा असर गर्छ, सायद मतलव राखिँदैन । वास्तवमा कम्युनिकेसनको ग्याप फिलिड. गर्नसम्म त ठीकै हो तर अहिलेको मोबाइल फोटोग्राफीले त भलपानीको बाढी नै ल्याएको छ ।

कस्ता कस्ता मै हुँ भन्ने फोटोग्राफर समेतलाई बगाएको छ । तैरेर छेउ लाग्न सक्ने केहीबाहेक हिजोको फोटोग्राफी पनि अहिले आउट फोकस बन्दै गएको छ । साथमा क्यामेरा पछाडिको मनुवासमेत विलिन हुँदै छ । त्यसैले यो प्रविधि र जमनाले फोटोग्राफर स्वयंको अनुहारमा मुस्कान थपेको छ वा मलिन बनाएको छ, आजको स्माइल प्लिज त्यसैका लागि हो ।

सानो उदाहरण दिऊ, केही समय अघिसम्म पोखराको महेन्द्रपुल चोक नेरमात्र १० भन्दा धेरै फोटोग्राफी व्यावसाय र सेवाका पसल थिए । आज मुस्किलले १ वा २ बचेका छन्, ती पनि छेउकुना पसेर बाचेका हुन् । हिजोको त्यो मुख्य ठाउँमा अहिले कि सुन पसल आएको छ कि त नयाँ इलेक्ट्रोनिक वा मोबाइल पसल । मलाई लाग्छ केही वर्षपछि त्यही चोकमा महंगो भाडा तिर्ने गरी अझै सुन पसल, ज्योतिषी परामर्श सेवा र पूजा सामग्री पसल, वेदेशिक रोजगार परामर्श सेवा केन्द्रहरु बढ्ने छन् । यो हामी नेपालीको मानसिक अवस्था र समाजिक चेतनाको विकास कसरी भएको छ भन्ने ऐना हो ।

तथ्यगत जानाकारीमा जाँदा ४० वर्षअघि २०४० मा पोखराको जनसंख्या ५४ हजार थियो । त्यस बेला पोखरामा फोटो स्टुडियो ३० वटा थिए । २० वर्ष पछि २०६० मा पोखराको जनसंख्या १ लाख ७५ हजार थियो भने फोटो स्टुडियो ८५ थिए । अहिले २०७८ को जनगणना गर्दा पोखराको जनसंख्या ४ लाख ४० हजार भएको छ भने फोटो स्टुडियोको संख्या २ सय पुगेको छ । पोखरा नगरपालिकाको भूबनोट पनि थपिएर जनसंख्या बढेको होला तर पनि हिजो गाउँ गाउँमा फोटो स्टुडियो थिएनन्, गाउँका मानिससमेत फोटो खिच्नलाई बजार झर्थे । अहिले गाउँघरमा नै स्टुडियो पनि छन्, जो हाम्रो पोखराका फोटो स्टुडियोको तथ्यांकमा छैन । तर पनि जनसंख्या धेरै बढे पनि पहिलेको जस्तो व्यापार र नाफा छैन, त्यसैले धेरै भाडा तिर्नेबाट सस्तो ठाउमा सर्दै छन् ।

सन् १८३९ अगस्ट १९ मा फ्रेन्स नागरिक डेगोरेले सुरु गरेको व्यावसायिक फोटोग्राफी यात्राले आज १ सय ८४ वर्ष पार गरेको छ । संसार फोटोग्राफी तथा विज्ञान प्रविधिमा कहाँ पुगिसक्यो । आज पेटमा भएको रोगलाई निर्मूल पार्न सानो पाइपको टुप्पोमा ब्लेडसहित क्यामेरा फिट गरेर कम्प्युटरमा हेर्दै उपचार गरिन्छ । तर हामीकहाँ धामी, झाक्री र सच्चाइमा गएर उपचार गर्ने मनुवाहरुको संख्या दिनप्रतिदिन बढ्दो छ ।

प्रविधि र बजारले मान्छेलाई निचोर्दै छ । हात हातमा प्रविधियुक्त अत्याधुनिक मोबाइल छन्, त्यही संसारको जानाकारी छ तर अर्को कुनामा भएको अध्ययन वा जानाकारी भन्दा हामीलाई टिकटक र फेसबुकले नै तानेको हुन्छ । त्यसैले पश्चिमाको पुँजीवादी अर्थनीतिले हामीलाई काठको पुतली बनाएर नचाइरहेको छ । हामी वादविवाद गर्छौं, सामसुड. राम्रो कि एप्पल ?

**अहिलेको फोटोग्राफीमा इमोसन र फिलिड.हराउँदै जान थालेको छ, केवल स्टन्डग्राफी, पपुलारिटी, भाइरल र बिजनेस भ्युमात्र देखिन्छ।**

अब के होला त ?

नेपालमा के हुन्छ भन्ने कुरा त कि ज्योतिषीले जान्दछन्, कि त भगवानले नै जान्लान् ! तर म अब विश्वको विज्ञान प्रविधिले फोटोग्राफी र क्यामेरालाई कहाँ पुऱ्याउला भन्ने अनुमान पेश गर्छु ।

१. अबका क्यामेरामा धेरै पावरफुल सेन्सर र ग्राफिक्स राखिनेछ । जसले रातिको वस्तु वा टाढाको वस्तु पनि सजिलै राम्रो गुणस्तरमा खिच्नेछ ।

२. अबका क्यामेरा ठूलो आकारभन्दा साना धेरै हुने छन् । अझ वयरेवल अर्थात शरीरमा लगाउन मिल्ने आँखाको लेन्समा फिट गर्न सकिने हुने छन् ।

३. प्रशस्त र प्रायसँग क्यामेरा भएकाले अबको फोटो पत्रकारिता अझै चुनौतिपूर्ण हुनेछ भने फोटोग्राफी पेशा पलायन दर बढदै जानेछ ।

४. इन्टेलिजेन्स क्यामेरा दिमागमा नै सेन्सर फिट गरेर सोचे अनुसारको फोटो खिच्ने हुन सक्नेछ ।

५. फरक फरक र अचम्मका लेन्स आउने छन्, जसले धेरै दूरीको वस्तुको राम्रो तस्बिर खिच्न सक्ने छन् ।

६। अल्टरनेटिभ इनर्जी सोलुसन आउनेछ । ब्याट्रीको साटो सोलार वा अन्य शक्ति प्रयोग हुने छन् ।

७. फोटो तथा भिडियोको साइजमा फरकपन आउनेछ । थ्रीडी ब्यापक हुँदै हाइ रेजुलुसनका स्क्रिन हुने छन् ।

८. सफ्टवयर अझै स्मार्ट बन्दै, वायरलेस हुँदै क्लाउडले संसार ढाक्नेछ ।

९. एआई प्रविधिको विकासले जान्ने र नजान्नेको भिन्नता अझै बढाउनेछ ।

१० प्रविधिको विकासले पत्रकारिता र गैरपत्रकारिताको दूरी कम गर्ने छ ।

यस्ता धेरै सम्भावना छन्, जुन अहिले सोच्नै सकिँदैन । तर विश्व बजारले मानिसलाई दास बनाउँदै लानेछ भने हामी बाध्य भएर पछि लाग्नुपर्ने अवस्था आउनेछ । हाम्रो स्माइल खोस्ने छ र हामीलाई नै बिभिन्न एपले बारम्बार भन्न लगाउनेछ स्माइल प्लिज ।

हामी पोखरेली फोटोग्राफी क्षेत्रका फोटो व्यावसायी तथा फोटो पत्रकारहरुले समेत स्माइलका साथ १ सय ८४ औं फोटोग्राफी दिवश मनाउँदै छौं । यसै उपलक्ष्यमा पोखरा फोटोग्राफर संघले सञ्चालन गरेको रामलाल श्रीमाया राष्ट्रिय फोटोग्राफी पुरस्कार पनि वितरण गर्दै छ । पोखरामा लामो समय फोटो पत्रकारिता गरेका चर्चित फोटो पत्रकार पोखरा सिटी डटकमका सञ्चालक राम गुरुड. यो पुरस्कारबाट आजै सम्मानित हुँदै छन् ।

पोखरा फोटोग्राफर संघले ४२ औं वार्षिकोत्सव तथा साधारण सभा समेतको मौका पारेर बिहान सिर्जनाचोकबाट पृथ्वीचोकसम्म विश्व फोटोग्राफी दिवसको उपलक्ष्यमा प्रभातफेरी गर्दै छ । यी र यस्तै फोटोग्राफी तथा फोटो पत्रकारिताका स्माइल प्लिज कार्यक्रमले हामी थोरै भए पनि मुस्कुराउनुपर्ने हुन्छ । पुरस्कार पाउनेलाई बधाई, दिनेलाई धन्यवाद । फेरि पनि स्माइल प्लिज, क्लिक !

## पोखरा फुटवयर बिजनेस सेन्टरको छुट अफर

**समाधान संवाददाता**
पोखरा, १ भदौ

पोखराको सिर्जनाचोकमा सञ्चालनमा आएको 'पोखरा फुटवयर बिजनेस सेन्टर'ले विशेष छुट अफर ल्याएको छ । बिजनेस सेन्टरमा जुत्ता चप्पल खरिदमा २० प्रतिशत छुट प्रदान गरिने भएको छ । त्यसका साथै स्क्र्याच कुपनका आधारमा थप नगद उपहार प्रदान हुने भएको छ ।

कुपन स्क्र्याचमा न्यूनतम ५० रुपैयाँदेखि बढीमा १० हजार रुपैयाँसम्म नगद उपहार जित्न सकिने आयोजकको भनाइ छ । बिजनेस सेन्टरमा १० वटा कम्पनीका जुत्ता चप्पलहरुको सोरुम राखिएको छ ।

सबै ब्रान्डका जुत्ता चप्पल खरिदमा यो अफर तथा छुट लागु हुने बताइएको छ । यो अफर भदौ महिनाभर लागु हुने सञ्चालक जीवन श्रेष्ठले जानकारी दिए । ग्राहकको सुविधालाई ध्यानमा राखेर यो अफर ल्याइएको उनले जानकारी दिएका छन् ।

हात खाली नहुने अफर अन्तर्गत स्क्र्याच कुपनका आधारमा नगद जितेर धेरै ग्राहकहरु लाभान्वित हुने आयोजकको विश्वास छ । जुत्ता चप्पल खरिद गरेपश्चात ग्राहकले सोही ठाउँमा कुपन स्क्र्याच गर्न सक्नेछन् । नगद पनि तत्काल हस्तान्तरण गरिने बताइएको छ ।

बिजनेस सेन्टरमा १० वटा कम्पनीका ३० वटा ब्रान्डका जुत्ता चप्पल बिक्री तथा प्रदर्शनीमा राखिएका छन् । १ हजार ५ सय भन्दा बढी मोडलका जुत्ता चप्पल उपलब्ध रहेको बताइएको छ । २ सय रुपैयाँदेखि १० हजार रुपैयाँसम्मको जुत्ता चप्पल उपलब्ध रहेको श्रेष्ठले जानकारी दिए । हालसालै बजारमा आएका आधुनिक मोडलका जुत्ता चप्पल पनि मेलामा राखिएका छन् । काठमाडौंको मूल्यभन्दा पनि सस्तोमा पोखरामा नै ग्राहकलाई जुत्ता चप्पल उपलब्ध गराउने उद्देश्यले पोखरामा बिजनेस सेन्टर स्थापना गरी जुत्ता चप्पलको सोरुम स्थापना गरिएको लगानीकर्ताहरु बताउँछन् ।


**वर्गीकृत विज्ञापन डिस्प्ले**

**धितो फुकुवा बैंक लोन तिर्न र विदेश जान बैंक व्यालेन्सका लागि ।**
सम्पर्क नम्बरः 9826170873

**TEACHER WANTED URGENTLY**
1. Secondary Level Maths/Science-1
Minimum Qualification required:
- Bachelor in Science or equivalent.
2. Grade Teacher-1
3. Primary English/Science Teacher-1
Minimum Qualification required:
- +2 or above
School Level in English Medium is must.
Contact : 9846157144
Newroad, Pokhara

**भेन बिक्रीमा**
२०१७ मोडलको मारुती कार्गो डेलिभरी भेन बिक्रीमा ।
सम्पर्क नम्बरः 97024-78107

**बुटिक बिक्रीमा**
सृजनाचोक स्थित चालु अवस्थाको बुटिक पसल सुपथ मूल्यमा बिक्रीमा छ ।
सम्पर्क नम्बरः 98151-56303

We Accept
fonepay payments फटाफट
Samadhan Media Pvt. Ltd.
Merchant Code #IHXG
1 Open your mobile banking/ eSewa app
2 Scan this code, confirm the payment details and make quick payment
eSewa



**आवश्यकता**
सरकारी कार्यालय भित्रको क्यान्टिन खाजा घरका लागि लेडिज कामदारको आवश्यकता
कामदार संख्या- १
काम - किचन हेल्पर तथा डिसवासर
तलब : ८,००० देखि १०,००० सम्म
खाना बस्नको सुविधा र आउने जाने गर्न पनि सकिने ।
स्थान : सहिदचोक
सम्पर्क ९८१९१५०२८०, ९८०४१३२६५४

**आवश्यकता**
घरको लागि १२ जना मानिसको लागि खाना बनाउन सक्ने लेडिज वा जेन्स आवश्यकता ।
तलब : १५,000
सुविधा : खाना, बस्न फ्रि
सम्पर्क नम्बरः 9826602568

# बास्कोट सहरी स्वास्थ्य केन्द्र शिलान्यास




**समाधान संवाददाता**
पोखरा, १ भदौ

पोखरा महानगरपालिका वडा नम्बर २४ बास्कोटमा महानगरपालिकाले बास्कोट सहरी स्वास्थ्य केन्द्र निर्माण गर्ने भएको छ । उक्त केन्द्र भवनको शुक्रबार महानगरपालिकाका प्रमुख धनराज आचार्यले शिलान्यास गरे ।

स्वास्थ्यमा नागरिकको पहुँच वृद्धि गर्ने उद्देश्यले सो केन्द्र भवनको निर्माण गर्न लागिएको प्रमुख आचार्यले बताए । पोखरा २४ को तल्लो भाग र वडा नम्बर २३ तथा अन्नपूर्ण गाउँपालिकाको केही क्षेत्रका बासिन्दाहरूले समेत लाभ लिन सहज हुने सो केन्द्र सुविधा सम्पन्न बनाइने उनले बताए । महानगरका वडाहरूमा ल्याव परीक्षण सहितका शिविरहरू सञ्चालनका अभियानहरू समेत थालिएको उनले सुनाए । यसका अलवा विकास निर्माणका कतिपय योजनाहरू सम्पन्न गरिएका र कतिपय योजनाहरू सञ्चालन कै क्रममा रहेका उनले बताए ।

वडा अध्यक्ष भरतबहादुर अधिकारीले बास्कोटमा स्वास्थ्य केन्द्र निर्माणले त्यस क्षेत्रका नागरिकहरूलाई सुविधा हुने बताए । सामान्य स्वास्थ्य सम्बन्धी भएपछि पोखरा बजार नै पुग्नु पर्ने बाध्यताको अन्त्य हुने उनले विश्वास व्यक्त गरे । नगरवासीहरूको स्वास्थ्य सुरक्षाका लागि महानगरपालिका प्रतिबद्ध रहेको स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूले नागरिकहरूको स्वास्थ्य, शिक्षा लगायत आधारभूत विषयहरूको सुरक्षणका लागि स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने बताए । ४ करोड लागतमा केन्द्र भवन २ वर्षभित्र निर्माण सम्पन्न गरिने छ । भवन २ तले हुनेछ । भविष्यमा यसलाई सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा स्तरोन्नति गर्ने महानगरको योजना छ । वडा नम्बर २४ कै कास्कीकोमा पनि स्वास्थ्य चौकी सञ्चालनमा छ ।


## सेप्टी टंकी सफाई गर्नुपरेमा

सम्पर्क
9802815296
9802815293


# मिटरमा गुड्न थाले ट्याक्सी

**समाधान संवाददाता**
पोखरा, १ भदौ




पोखरा उपत्यकाभित्र सञ्चालन हुने भाडाका ट्याक्सी शुक्रबारदेखि मिटरमा चल्न थालेका छन् । गण्डकी प्रदेश सरकारले भदौ १ गतेदेखि अनिवार्य मिटरमा सञ्चालन हुनुपर्ने नियम बनाएपछि पोखरा बजारभित्र सञ्चालन हुने अधिकांश ट्याक्सी मिटरमा चलेका हुन् ।

प्रदेश सरकार मातहतको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहतको यातायात व्यवस्था कार्यालय सवारीले ट्याक्सीलाई मिटर अनिवार्य गरेको हो । ट्याक्सीले मिटर चलाएर यात्रु बोके/नबोकेको अनुगमनका लागि भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रेशमबहादुर जुग्जाली आफैं सडकमा निस्किएका हुन् ।

पोखराको औद्योगिक क्षेत्र, विमानस्थल प्रवेशद्वार तथा पृथ्वीचोकलगायतमा स्थानमा बिहानदेखि नै मन्त्रालय, यातायात कार्यालयका कर्मचारी सहित ट्राफिक प्रहरी अनुगमनका लागि खटिएका थिए । पर्यटकीय सहर पोखरामा मिटरमा ट्याक्सी सञ्चालनका लागि वर्षौंदेखि पहल भए पनि कार्यान्वयन हुन सकेको थिएन । विसं २०७७ मा नै यहाँका अधिकांश ट्याक्सीमा मिटर जडान गरिए पनि कार्यान्वयनमा आउन सकेको थिएन । मिटरमा ट्याक्सी नचल्दा यात्रु ठगिएको र चर्को भाडा तिनुपर्ने परेको व्यापक गुनासो आएको थियो ।

यातायात व्यवस्था कार्यालयका प्रमुख डिल्लीराम रिज्यालले कार्यान्वनयको पहिलो दिनमा अधिकांशले ट्याक्सी मिटरमा सञ्चालन गरेको पाइएको सुनाए । विविध कारण देखाएर सञ्चालनमा नभएका एका/दुई ट्याक्सी चालकलाई सचेत गराइएको र आगामी दिनमा प्रभावकारी कार्यान्वयन गरिने उनको भनाइ छ ।

यातायात व्यवस्था कार्यालय सवारीले साउन ३० गते सार्वजनिक सूचना जारी गरी भदौ १ गतेदेखि अनिवार्यरुपमा विलिङसहितको मिटर जडित ट्याक्सी सञ्चालन गर्न र मिटरमा बिल अनुसारको भाडा लिने गरी सेवा सञ्चालन गर्न सूचना निकालेको थियो । कार्यालयले मिटरमा नहिँड्ने ट्याक्सी चालकलाई कारबाही हुनेसमेत स्पष्ट पारेको छ ।

कार्यालय प्रमुख रिज्यालले भने, 'पोखरामा ट्याक्सी मिटरमा सञ्चालन हुन सुरु भयो, राम्रोसँग कार्यान्वयन भएको पाइएको छ । मिटरमा सञ्चालन भए/नभएको बारेमा नियमित अनुगमन गर्ने गरी समिति बनाएका छौं ।' ट्याक्सी मिटरमा चल्नका लागि प्रदेश सरकारले भाडासमेत तोकेको छ ।

मन्त्री जुग्जालीले अब यो व्यवस्था लागू गरेरै छाड्ने प्रतिबद्धता जनाए । उनले भने, 'पहिला किन लागू भएन भनेर समेत हामीले समीक्षासमेत गरेका छौं, अहिले लागू भएरै छाड्छ ।'

चालक मिटरमा चले/नचलेको अनुगमनका लागि मन्त्रालय, यातायात कार्यालय, जिल्ला प्रशासन र ट्राफिक प्रहरीको प्रतिनिधित्व हुने गरी अनुगमन समिति बनाइएको छ । ट्याक्सी चालकहरुले समेत मिटरमा चल्न अप्ठेरो नभएको प्रतिक्रिया दिएका छन् । इन्धनको भाउ घटबढ हुँदास्वचालित रुपमा भाडादर कायम हुने व्यवस्था गर्न उनीहरुको माग छ ।


*इन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो॥*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो॥*

## हार्दिक समवेदना



जन्म मितिः
वि.सं. १९९४ कात्तिक २६ गते

स्वर्गारोहण मितिः
वि.सं. २०८० श्रावण २२ गते

**स्व. गुप्त कुमारी तभ्र्या**

**श्रीश्रीश्री भिमसेन सिः** गुठीका सदस्य **श्री सरस्वती** (**तभ्र्या**) **प्रधान**की ममतामयी माता **गुप्त कुमारी तभ्र्या** यस धर्तीबाट देहत्याग गरी ब्रम्हलिन हुनु भएको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्रीश्रीश्री भिमसेन सिः गुठी परिवार**
पोखरा-११, रानीपौवा



*इन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो॥*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो॥*

## हार्दिक समवेदना



जन्म मितिः
वि.सं. १९९४ कात्तिक २६ गते

स्वर्गारोहण मितिः
वि.सं. २०८० श्रावण २२ गते

**स्व. गुप्त कुमारी तभ्र्या**

**श्रीश्रीश्री गोपालजी भजन गुठी** एवं **श्री रानीपौवा ताया:मचा नाँच समिति**का सदस्य **श्री सरस्वती** (**तभ्र्या**) **प्रधान**की ममतामयी माता **गुप्त कुमारी तभ्र्या** यस धर्तीबाट देहत्याग गरी ब्रम्हलिन हुनु भएको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्रीश्रीश्री गोपालजी भजन गुठी परिवार**
पोखरा-११, रानीपौवा

**श्री रानीपौवा ताया:मचा नाँच समिति परिवार**
पोखरा-११, रानीपौवा



## मोटरसाइकल हराएको सूचना

यही मिति २०८०/०४/३२ गते पोखरा-६, खहरे लेकसाइडमा बाटोमा पार्किङ गरिराखेको अवस्थामा रातको ११:०० बजेदेखि ०१:०० बजेको बिचमा मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने वा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

| | |
|---|---|
| **सवारी धनीको नाम** | : प्रेम राज गुरुङ |
| **ठेगाना** | : पोखरा-१०, काजीपोखरी |
| **सवारी दर्ता नं.** | : ग २३ प ४४९६ |
| **च्यासिस नं.** | : MD2A13EX8MCH95938 |
| **इन्जिन नं.** | : DKXCMH30234 |
| **रंग** | : कालो /चाँदी |
| **कम्पनी** | : BAJAJ (Pulsar 220cc) |



**सत्य, न्याय निष्ठापूर्वक जिवन बाँच्न सिकाउनु भो !**
**लुकाएर कैयन् पीडा, हाँस्नु भो, हँसाउनु भो !!**
**सबको भलो, सबको राम्रो चिताउने असल मान्छे !**
**जुधेर मृत्यु संघर्ष, यति छिट्टै अस्ताउनु भो !!**

# हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. १९९४ कात्तिक २६ गते

स्वर्गारोहण मितिः
वि.सं. २०८० श्रावण २२ गते

## स्व. गुप्त कुमारी तभ्र्या

हाम्री प्रातः स्मरणीय ममतामयी आमा, सासुआमा, हजुरआमा **गुप्त कुमारी तभ्र्या**को ८६ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा अमर आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा प्रत्यक्ष, अप्रत्यक्ष र विभिन्न माध्यमद्वारा हामीलाई सहानुभुति एवं भेटी प्रदान गर्नुहुने सम्पूर्ण बन्धुबान्धव, ईष्टमित्र, छरछिमेकी, शुभेच्छुक तथा संघ संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

छोरी / ज्वाइँहरु :
**सरस्वती प्रधान**
**देवी माया / पूर्ण बहादुर श्रेष्ठ**
**विन्ध्येश्वरी तभ्र्या लामा**
**गंगा देवी / रूद्र कुमार श्रेष्ठ**
**जमुना / ई. संजय श्रेष्ठ**
**यमुना / कृष्ण प्रसाद श्रेष्ठ**
**सन्जु / किसन गुरूङ**
**रेजीना / गजेन्द्रमान श्रेष्ठ**
**पुनम / सुनिल कर्माचार्य**

नाति / नातिनी बुहारी/ नातिनी ज्वाइँहरुः
**डा. मनिष / प्रशंसा प्रधान**
**सविना / नवराज जोशी**
**ई. शोभा / ई. दीपक श्रेष्ठ**
**विजय / रोशनी श्रेष्ठ**
**सत्या / डा. निरिश बैद्य**
**स्वेता / ई. अनुप गुरूङ**
**नोजी (कृष्मा) / सन्नी गुरूङ**
**रूची / डा. सुगत राज शाक्य**
**डा. साजन / डा. सिन्दा श्रेष्ठ**
**सिजन / जिना श्रेष्ठ**

नाति, नातिनीहरुः
**सोनम, ई. सजल, सकृष, सिम्रन, सामिन, ई. गरिमा, करूणा, ऋषभ, शावन्त, काश्वि, सुप्रिया**

पनाती, पनातिनीहरुः
**सौभ्या, सान्वी, आनीया, इसानी, रियान्सी, संस्कार, मान्सा**

भतिज छोरा / बुहारीः
**हरिश्चन्द्र तभ्र्या / सरस्वती तभ्र्या**

*एवं*

**सम्पूर्ण परिवार**
पोखरा-११, रानीपौवा

**पुनश्चः** यही **मिति २०८० भदौ २ गते शनिबार** आज ***१३ औं दिनको शुद्धाशुद्धि (गहुत खाने) कार्यक्रम***मा सम्पूर्ण शव यात्रामा सहभागी हुनुभएका महानुभाव, बन्धुवान्धव, ईष्टमित्र, आफन्तजन, संघ संस्था तथा भेटी प्रदान गर्नुहुने महानुभावहरु एवं शुभचिन्तकहरुप्रति प्रसाद ग्रहणको लागि सादर निमन्त्रणा गर्दछौं ।
**समयः** दिउँसो १:०० बजेदेखि, **स्थानः** आफ्नै निवास, पोखरा, कास्की ।

**फोटो कथा**

# मान्छेले बिगारेको फिर्के

फिर्के खोला हो कि खहरे, बहस जारी छ । पोखरा १८ को अँधेरीकुनाबाट पोखराबेंसी, बागलुङ बसपार्क, मालेपाटन, जिरो किमी, सिमलचौर, पार्दी हुँदै बग्ने यो खोला फेवातालमा मिसिन्छ । करिब ८ किमी लामो यात्रामा फिर्के कतै ४० मिटरसम्म फैलिएको छ त कतै ४/५ मिटरमै खुम्चिएको छ । पोखरा १८ साबिक सराङकोट गाविसको वन क्षेत्र मूल भएको यो खोलाको पानी सिरानमा कञ्चन छ । अँजुलीले उबाएर खान मिल्छ । बिहीबार दिउँसो पोखरा महानगरका अधिकृत लोकदर्शन कोइरालासमेतले अँजुलीले उबाएर प्यास मेटे । फिर्के मूहाननजिक पुगेर महानगरका मेयर धनराज आचार्य, पोखरा १८ का अध्यक्ष शिवप्रसाद तिमिल्सिना लगायतले फिर्के निरीक्षण गरे ।



मुख्य मुहान अँधेरीकुना अवलोकनपछि उनले कर्मचारीहरुलाई निर्देशन दिए । मेयर आचार्यले खोला वरिपरि रहेको सार्वजनिक जग्गासमेत नापी गर्न टोलीलाई भनेका हुन् । साउन ३ गतेदेखि ४० सदस्यीय टोलीले निरन्तर फिर्केको बहाव क्षेत्र छुट्याइरहेको छ । खोलामाथि घर, संरचना बनाउने कुरा स्वीकार्न नसकिने जनाउँदै मेयर आचार्यले नापी सकिएको हप्ता दिनभित्रै प्रतिवेदन आइपुग्ने उल्लेख गरे । उनले प्रतिवेदन आएपछि मापदण्ड तोकेर फिर्केको क्षेत्र खाली गराइने उनको भनाइ छ । टोलीले फिर्केको सीमाकंन करिब सकेको छ । पोखरा १८ को पोखरा बेंसीमा खोलाघर छुट्याउँदै टोली मुहानतर्फ अघि बढेको छ ।



पोखरा महानगरको मध्य भाग हुँदै बग्ने फिर्केखोला अँधेरीकुनादेखि सहरका विभिन्न क्षेत्र हुँदै फेवातालमा पुगेर मिसिन्छ । धेरै ठाउँमा अतिक्रमणमा परेको खोलाको बहाव क्षेत्र पत्ता यकीन गरी मापदण्ड तोकेर यो क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने महागरको योजना छ । सवा सयभन्दा बढी पक्की र कच्ची संरचना फिर्केको प्राकृतिक बहाव क्षेत्रमा देखिएका छन् । बहाव क्षेत्र यकीनपछि मापदण्ड लागू गर्दा त्यसको दोब्बरभन्दा बढी संरचना हटाउनुपर्ने हुन्छ । अहिले फिर्केको मापदण्ड १० मिटर छ । खोलाघर छुट्याएपछि यसको मापदण्ड परिमार्जन गरिने महानगर स्रोतले जनाएको छ । यसको मापदण्ड ५ मिटर बनाउने तयारी छ । पोखरा २ र १८ को बीचमा क्षेत्रमा बहाव क्षेत्रकै छेउमा यस्तो पक्की संरचना बनेका छन् । मापदण्ड लागू हुँदा यी संरचनाका आधाभन्दा बढी भाग भत्काउनुपर्ने हुन्छ ।



फिर्के किनारमा व्यक्तिगत घरदेखि धेरै सामाजिक भवन र संघ, संस्थाका कार्यालय छन् । महानगर, वडा कार्यालयदेखि प्रदेश सरकार, संसद विकास कोषबाट यी संरचना निर्माणका लागि ठूलो रकम लगानी भएको देखिन्छ । बहाव क्षेत्रको ८ किलोमिटरमा १४ विभिन्न संघ, संस्थाका भवन छन् । मापदण्ड लागू हुँदा यो संस्था थपिने देखिन्छ । त्यतिमात्र होइन, ३ विद्यालयका भवनसमेत वहाव क्षेत्रमै देखिएका छन् । सीमांकन टोलीले ती भवन बहाव क्षेत्रमै भएको यकीन गरी पिल्लर गाडेको छ ।

फिर्केखोलाको आसपासमा धेरै जसो कास्की आसपासबाट आएकाहरुको बसोबास देखिन्छ । तीमध्ये धेरैजसो भूमिहीन छन् । राष्ट्रिय भूमि आयोग कास्की अध्यक्ष गंगा पोखरेल ३ तहकै सरकारले जारी गरेका मापदण्डमा पर्ने जग्गामा बस्ने भूमिहीन वा अव्यवस्थित बसोबासीलाई त्यहाँको निस्सा नदिइने बताउँछन् । धेरैजसो भूमिहीन र अव्यवस्थित बसोबासीले बिना नक्सा, बिना स्वीकृति खोलाको बहाव क्षेत्रभित्रै, कतै कतै त पानीबाटै वाल र पिल्लर उठाएर घर बनाएका छन् । पोखरा ५ र पोखरा ४ जोड्ने फिर्केपुल नजिकका केही घर यस्ता छन् ।



बारम्बार फिर्केखोलाको क्षेत्र नापचाँज गर्ने गरिएको छ । तर मापदण्ड निर्माण गरी कार्यान्वयन भएको छैन । भूगोलविद् प्राडा विश्व श्रेष्ठ बाल्यकालमा यो खोलामा नुहाउने, खेल्ने गरेको सम्झन्छन् । ०३६ सालपछि फिर्के किनारमा बस्ती बसेको उनले सुनाए । फिर्के आसपासको क्षेत्र भौगोलिक रुपले निकै कमजोर भएको उनी बताउँछन् । फिर्केको आसपासका जमिनमा बारम्बार भ्यानहरु पर्ने गरेका छन् । चुन माटो रहेको यो क्षेत्रमा पहिरो जाने र खोला थुनिने सम्भावना उच्च रहन्छ । यदि त्यसो भए निकै ठूलो धनजनको क्षति हुने उनले औंल्याए । खोलाबाटै जग र पिल्लर उठाएर बनाएका घरहरु र त्यहाँका बासिन्दा त्यसको मारमा पर्ने छन् । उसो त पोखरा नेपालकै बढी वर्षा हुने ठाउँमा पर्छ ।



यो खोलाका कतिपय ठाउँमा यस्ता बस्ती छन् जहाँ फिर्के निकै अतिक्रमित भएको छ । कतै स्ल्याब राखेर घर जाने बाटो बनाइएको छ भने कतै अवैज्ञानिक तवरले कच्ची पुल र साँघुहरु राखिएका छन् । ठाउँ ठाउँमा झोलुंगे पुल पनि बनाइएका छन् । पानीबाटै बाल उठाएर, जाली लगाएर त्यसै छेउमा घरहरु बनाइएका छन् । नागरिक अधिकारीकर्मी चन्द्रबहादुर गुरुङ ३ तहका सरकार बने पनि कार्यान्वयन पक्ष कमजोर हुँदा अराजकता जारी रहेको बताउँछन् ।



महानगरले बनाएको सीमाङ्कन टोलीका प्रमुख नापी सर्भेक्षक बासुदेव पौडेलले ठाउँ अनुसार फिर्के क्षेत्रमा अनेक समस्या रहेको बताउँछन् । कतै ट्वाइलेट सिधै खोलामा मिसाइएको पाइएको छ भने कतै सोकिफटमा हाल्नुपर्ने पानी खोलामा पुगेको छ । धेरै ठाउँमा फोहोर फाल्ने क्षेत्र यसलाई बनाइएको छ । व्यक्तिगत र संस्थागत भवन, संरचनामात्र नभएर सरकारी निकायले पनि फिर्केको मापदण्ड मिचेका छन् । फोहोर सिधै खोलामा बिसर्जन गरेको देखिएको छ । खोलैबाट पिल्लर उठाएर ४/५ तले भवन बनाइएका छन् । केही बनिरहेका छन् । अनुगमन गर्ने निकायहरुले देखेर पनि आँखा चिम्लेका छन् ।



फिर्केको बहाव क्षेत्र छुट्याउन ५ सयभन्दा पढी पिल्लर गाडिएको छ । पिल्लर गाड्न सम्भव नभएका ठाउँमा चिन्ह लगाइएको छ । खोला मिचेर बनेका संरचनाहरुमा संघ, संस्थाले आफ्ना कार्यालय चलाएका छन् । त्यतिमात्र होइन, केहीले व्यावसायिक कामसमेत गरेका छन् । धेरै संघ, संस्थाले मापदण्ड मिचेर बनाएका संरचना भाडामा समेत लगाएको देखिएको छ । शौचालयसमेत खोलै छेउमा बनाएर दिशा सिधै खोलामा हालेका छन् । पोखरा ५ र पोखरा ४ जोड्ने फिर्केखोला पुल नजिक त्यस्तै शौचालय छन् ।



वहाव क्षेत्रको छेउसम्मका भवन र संरचनाको अतिक्रमण सहँदै बगेको फिर्के खोला जिरो किमी नजिक पुग्दा हराएको छ । त्यहाँ मूल सडक तलबाट खोला बगेको छ । खोलाबाटै उठाएर भवन बनाइएको छ । लायन्स पोखरा फिस्टेल सिटीले भवन बनाएर भाडामा लगाएको छ । यसको छेउमा रहेका अरु संघ, संस्थाका भवन र केही शैक्षिक संस्थाका भवनमसेत बहाव क्षेत्रमै देखिएका छन् । बैदाममा मालपोत कार्यालय नजिकै खोलामाथि स्ल्याब हालेर बाटो निकाली बनाइएका घर बनाइएको छ ।



नेपाल प्रहरीको प्रदेशिक कार्यालयको केही भागसमेत खोलाको वहाव क्षेत्रमा परेको छ । यसरी पोखरा उपत्यका नगर विकास समितिको भवन पनि खोलाको मापदण्डभित्र पर्छ । पोखराबेंशीमा कञ्चन पानी रहेको फिर्के पोखरा ६ को गाईघाट पुग्दा दुर्गन्धित बनेको देखिन्छ । खोलभरि फोहोर, प्लास्टिक देखिन्छन् । यसरी आउने फोहोर, माटो, ढुंगाले फेवातालको आयु घटाइरहेको छ ।

**प्रस्तुति: फडिन्द्र अकिञ्चन**

## मदरल्यान्डमा कविता प्रतियोगिता



**समाधान संवाददाता**
पोखरा, १ भदौ

सोच समूह मदरल्यान्डले गण्डकी प्रदेश स्तरीय खुला कविता प्रतियोगिता आयोजना गरेको छ । गण्डकी प्रदेशका ९८ वटा कविताहरुमध्य ७३ जना प्रतियोगी कवि तथा कवयित्रीहरुले कविता वाचन गरेका थिए । कार्यक्रममा सहभागी सम्पूर्ण कविताहरु सकारात्मक सोचको सेरोफेरोमा रहेर लेखिएका थिए ।

सोच समूह मदरल्यान्डका संयोजक अर्विन ढुंगानाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका संयोजक लोकनाथ आचार्य प्रमुख अतिथि थिए । उक्त कार्यक्रममा रोशन तिमिल्सिना (प्रथम, पोखरा विश्वविद्यालय), अर्जुन भट्टराई (द्वितीय, चिसाखोला वेद विद्याश्रम), निकेश गिरी (तृतीय, पोखरा विश्वविद्यालय) एवं अन्जना सुवेदी, (भानुभक्त मावि), विजय अधिकारी(डब्लुआरसी), सुजित चौधरी (पोखरा विश्वविद्यालय) र मञ्जिल भण्डारी (सैनिक आवासीय) ले सान्त्वना स्थान हात पार्न सफल भएका थिए ।

उक्त कार्यक्रममा साहित्यकार डा. ईश्वरमणि अधिकारी, साहित्यकार लक्ष्मण थापा तथा साहित्यकार सरस्वती श्रेष्ठ ‘सरू’ ले निर्णायकको भूमिका निर्वाह गरेका थिए । उक्त अवसरमा सोच समूह युकेका संयोजक मेजर डमर घले, सोच समूह युएईका सयोजक हिरालाल श्रेष्ठ, कर्ण सकारात्मक ट्रस्टका संयोजक प्रवीण शाक्य लगायत व्यक्तित्वहरुको उपस्थिति थियो ।

विद्यालय निर्देशक डा. त्रिभुवन शर्मा, प्रअ नारायण बराल, प्रमुख अतिथि लोकनाथ आचार्य तथा विशिष्ट अतिथि कर्ण शाक्य लगायतले शुभकामना मन्तव्य दिएका थिए । विद्यालयका शिक्षक विनीत छन्त्याल तथा विद्यार्थीहरू अनुश्रीया सुवेदी, अनमोल रत्न बज्राचार्य, कञ्चन पाण्डे लगायतले कार्यक्रमको सञ्चालन गरेका थिए । कार्यक्रम सफल पार्न काइन्डनेस क्लब पोखरा, मदरल्यान्ड स्पीकर क्लब, मदरल्यान्ड इभन्ट टिम र मदरल्यान्ड स्काउट ट्रूप लगायत विद्यालय मातहतका क्लबमा आवद्ध विद्यार्थीहरुले सक्रिय रूपमा सहयोग गरेका थिए ।

## माउन्ट अन्नपूर्णको फनफेस्ट

**समाधान संवाददाता**
पोखरा, १ भदौ

घोकन्ते शिक्षामा मात्र विद्यार्थीलाई केन्द्रित नबनाई क्रियाशीलता बढाउने उद्देश्यले माउन्ट अन्नपूर्ण माविले प्रत्येक शुक्रबारीय फरक बनाउन थालेको छ । शुक्रबार स्कुलमा फन फेस्ट कार्यक्रम भएको हो ।

कार्यक्रममा कक्षा १० का विद्यार्थीको नेतृत्वमा खाजाका विभिन्न परिकार तयार गरी स्टल राखिएको थियो । मेलालाई मनोरञ्जनात्मक खेल साथै सिनेमाले रौनक थपेको थियो । अभिभावक, विद्यालय सञ्चालक, मन्टेसरीदेखि कक्षा १२ सम्मका विद्यार्थी, शिक्षक र कर्मचारी यसमा सहभागी बने ।

कार्यक्रमलाई नाफा र घाटाको दृष्टिले नहेरी विद्यार्थीमा व्यवसायिक बन्ने र जिम्मेवारी बोध गराउन खोजिएको प्राचार्य सइन्द्र श्रेष्ठले बताए । आगामी दिनमा पनि यस्ता कार्यक्रम गरिने प्रशासक चित्रबहादुर गुरुङले जनाए ।

## क्याटवाकमा कुटुम्ब र त्रिशाला

पोखरा, १ भदौ (समाधान)- पोखराको खहरेचोकस्थित क्लब क्याटवाकको पहिलो वार्षिकोत्सवको अवसरमा गायिका त्रिशाला गुरुङ र कुटुम्बको अल्फान्जो लाइभ प्रस्तुति हुने भएको छ । शनिबार साँझ ५ बजेदेखि कुटुम्ब तथा त्रिशालासँग डिजे बिकी कुल र गायक राजकुमारको प्रस्तुति रहने क्लबका प्रबन्ध निर्देशक गुप्ता लामाले बताए ।

सांगीतिक कार्यक्रम राति १० बजेसम्म हुनेछ । वार्षिकत्सवको अवसरमा भदौ महिनाभर क्लब प्रवेशमा शुल्क नलाग्ने व्यवस्था गरिएको छ । अन्य सेवामा समेत १० प्रतिशत छुट दिइने लामाले बताए ।




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com